टुटेश्वरनाथ महादेव मन्दिर को एक चिनारी

दुई-शब्द

आदरणीय मेरा आमा, बुवा, दाजु, भाई, दिदी बहिनी **श्री टुटेश्वरनाथ महादेव मन्दिर बाबाको** इतिहासलाई खोज अनुसन्धान गर्ने क्रममा आफुले जानेको , सुनेको सत्य, यथार्त घटनाहरु सुनाई सहयोग गरी दिनुभएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

प्रस्तुत **श्री टुटेश्वरनाथ महादेव मन्दिर** चिनारीले **श्री टुटेश्वरनाथ महादेव बाबाको** विकास क्रम खुट्टाउन र प्रायोगीक ढङ्गमा विश्लेषण गर्न सक्ने दृष्टि र सामार्थ्य दिन्छ । यसबाट धर्मावलम्बी भक्तजन, बुद्धिजीवी लगायत सामान्य जिज्ञासुहरु समेत लाभान्वीत हुनेछन् भन्ने कुरामा म विश्वस्त छु ।

अन्त्यमा सुझाव र सल्लाहको अपेक्षा गर्दछु ।

श्री टुटेश्वरनाथ महादेव बाबाले सबैको कल्याण गरुन् !

अम्बर बहादुर विश्वकर्मा

बर्दिबास-१२,महोत्तरी

श्री टुटेश्वरनाथ महादेव मन्दिरको इतिहास

आज भन्दा हजारौं वर्ष अगाडि यस मन्दिरको स्थापना भएको अनुमान गरिएको छ । यस गाउँका बय-वृद्धहरुको भनाई अनुसार यस ठाउँमा पछिल्लो फँडानी वि.सं. २००१ सालमा भयो र मानिसहरुको वस्ती बस्न सुरु भयो । विभिन्न किसीमका जङ्गली जनावरहरु जस्तै : बाघ, भालु, चितुवा इत्यादि बस्ने थलो भनेर पनि चिनिन्थ्यो । भारतीय दुई जना नागरिकले यस जङ्गलको काठ ठेक्का लिने क्रममा श्री हिम्मत सिंह र दुर्गा सिंह कटान गर्दै जाँदा घना घारीमा छिर्न नसक्ने ठाउँमा शक्तिशाली ढुङ्गाको साँढे भगवान जिर्ण अवस्थामा रहेको फेला पारे । साँढे देखि अचम्मीत बन्दै यस कुरालाई गाउँ-गाउँमा सुनाए तर त्यस्तो बाघ, भालु, चितुवा जस्ता जंगली जनावर अनि घना जङ्गलमा को जान चाहन्थ्यो र !

श्री टुटेश्वरनाथ महादेव बाबाको शक्तिको कारणले दक्षिणका केहि व्यक्तिहरु यस ठाउँमा गाडा बनाउनका लागि शान्दानका रुखहरु लिन भनि आए । शान्दानका रुखहरु खोज्ने क्रममा चारैतिर खोलाले कटान गरी बाँकी रहेको एउटा सुन्दर डाँडामा (कैलाश पर्वत) अदृश्यरुपमा रहेको ढुङ्गाको जीर्ण अवस्थाको साँढे वा वसाहा फेला पारे । उनीहरुले यसलाई कसैले थाहा नपाउने गरी राती चोरेर खोलैखोला आफ्नो गाउँमा लाने विचार गरे । तर परमात्मा श्री टुटेश्वरनाथ महादेवको इच्छा, रोजइलाई कसले हरण गर्न सक्छ र ? जबरजस्ती आफ्नो बयलगाडामा लोड गरे । लाँदा-लाँदा गौशाला खाल्डे बजार भन्ने ठाउँतिर गएर गाडाको धुरा भाँचियो । धुरा बनाएर फेरी लोड गरौं भन्दा कति प्रयास गरे तर असम्भव भयो लोड गर्न सकेनन् । शक्तिशाली महादेव बाबाले आफ्नो शक्ति प्रकट गर्न बाँध्य भए । आज यो संसार भगवान कै सृष्टिमा रहेको क्रममा भगवानका रुप लिएका ढुङ्गाका साँढेलाई त्यसै ठाउँमा छाड्नलाई बाँध्य भए र भोली फलामको धुरा भएको गाडा ल्याई लाने भन्ने कुरामा विवस भए ।

उनीहरु घर गएपछि शक्तिशाली महादेव राती चर्दै-चर्दै गाउँ घुम्दै आफ्नै सुन्दर थलो कैलाश पर्वतमा जहाँ जुन अवस्थामा बसिएको थियो त्यसै ठाउँमा आई बस्नु भयो ।

भोलिपल्ट फेरी साँढेलाई लिन भनि फलामको धुरा भएको गाडा लिई मानिसहरुको समूह बनाई आए । यो त आफ्नो शक्ति अथवा आफूलाई चिनाउन मात्र भगवानको रुप रहेछ । ढुङ्गारुपी महादुव भगवानको छलदेखि सबै छक्क पर्दै पहिलेकै ठाउँमा पहिलाउँदै खोज्दै आउँदा शक्तिशाली सत्यवादी ढुङ्गारुपी महादेव भगवान जसरी, जुन ठाउँमा पहिला बस्नु भएको थियो त्यसै अवस्थामा पुनः फेला पारे । साच्ची नै हो उहाँ त शक्तिशाली प्राचिनकालका महादुव भगवान हुनुहुन्छ भन्ने कुरा सबैमा विश्वास भयो । सबै भगवानलाई प्रार्थना गर्दै हाम्रो गाउँमा जाऊँ भनि भने । हामी हजुरको पूजा आराधनामा सधैं जुट्छौं, सेवा गर्छौं भनि गाडालाई त्यस ठाउँमा पुऱ्याए । फेरी लोड गरे, त्यसै गरी लाने क्रम जारी रह्यो । लादा-लादा पहिलेकै ठाउँमा पुगेपछि फेरी धुरा टुट्यो । सबै अचम्मित भए, फलामको धुरा पनि टुट्यो । हामीले धेरै गल्ती गरेछौं माफ गर्नुहोला भन्दै ढुङ्गारुपी साँढेलाई छाड्न बाध्य भए । सत्यवादी शक्तिशाली ढुङ्गारुपी साँढे फेरी पहिलेकै ठाउँमा आउनु भयो ।

यस ठाउँमा नयाँ फडानीको कारण वा शक्तिशाली ढुङ्गारुपी महादेव भगवानको देन अन्नहरु वा उब्जा अज्यादी फल्ने गर्दथ्यो । भगवानले आफूलाई समाजमा चिनाउन आफ्नो शक्ति प्रदर्शन गर्न उहाँ सधै किसानका खेतमा बाली खाइदिने काम गर्नुहुन्थ्यो । एक दिन किसान दुःखी हुँदै मेरो बाली केले खान्छ भनी निगरानीमा बस्दा साँढेलाई फेला पऱ्यो र उसले रीस खप्न नसकी खुकुरीले हान्दा कान टुट्न गयो भगवानरुपी साँढे भाग्ने क्रममा जंगल प्रवेश गर्नुभयो र अदृश्य हुनुभयो । किसान छक्क पर्दै वास्तवमा के रहेछ भनी रगत र पाइलाको आधारमा पछ्याउँदै जाँदा जीउभरी शीतै-शीत तोरीको फूलैफूल टाँसीएको र एउटा दाहिने पट्टीको कान काटिएको अवस्थामा ढुङ्गाका रुपमा रहेका साँढेलाई देखी किसान डराई-डराई भगवानसँग मैंले गल्ती गरेछु भन्दै क्षमा मागे र गाउँमा सुनाउँदा अचम्मित मान्दै हेर्न जाँदा वास्तवमा सत्य घटना फेला पारेपछि घटना स्थलमा हेर्न ढुङ्गाको कान फेला पारे त्यसलाई लगेर साँढेको कानसँग मिलाउँदा केही पनि फरक पाएनन् । फेरी पनि प्रमाण भैं सावित हुन गयो र झन सबैमा विश्वास बढ्यो ।

चारैतिर दिन प्रतिदिन यो हल्ला फैलियो यस कहानीले भगवानको आराधनामा सबै मानिसहरु जुट्न थाले । भगवानले सबैको इच्छा, आकांक्षा पुरा गर्न थाले र कान टुटेको र पटक-पटक गाडाका धुरा टुटेको कारणबाट यस भगवानको नाम टुटेश्वरनाथ महादेव बाबा रह्यो र यसै नामबाट टुटेश्वर गाउँको नाम रहन गयो ।

यता ढुङ्गारुपी साँढेको कान काट्ने तामाङ्ग जातीका मानिस थिए । उनी धनी थिए । उनको दीन प्रतिदिन सम्पत्ति, इज्जत नास हुँदै गयो । अन्त्यमा निसन्तान बनाएर छोडे महादेवले ।

सबैभन्दा पहिला यसै गाउँका एक जना वृद्ध तामाङ्ग जातिका एउटा आँखा नदेख्ने अन्धा दोङ्ग बूढाले यस भगवानको पुजा गर्न सुर गरे । सरसफाई गर्ने क्रममा यस ठाउँमा भगवानका विभिन्न रुपहरु फेला पऱ्यो र महादेवको छेउमा शिवलिङ्ग हेर्दा अझ अचम्मीत भई यसको संरक्षणमा सबैको दिन प्रतिदिन चासोको विषय बन्न गयो ।

दौलतसिंह लामा प्रधानपञ्च हुने समयमा अन्दाजी वि.सं. २०३५ सालतिर यस मन्दिरको जग खन्ने काम भयो । यसै गाउँका अहिले पनि जीवितै रहेका मानिसहरु पनि त्यस मन्दिरको जग खन्ने कार्यमा सहभागी थिए । अहिले शिव मन्दिर भएको ठाउँमा खन्दा चार सुरमा विभिन्न किसिमका समानहरु फेला पारे । चारपाटे अचम्म किसीमको ढुङ्गामाथि एउटा भाडाँमा धानको भुस्सामा बहुमुल्य वस्तुहरु लगायत भगवानले लगाउने सामानहरु फेला पारे । सबै मानिसहरु डराई-डराई काम गरे ।

खन्ने क्रममा सहभागी भएका मानिसहरु सबैलाई ज्वरो आउने, दिसाबाट जाने भयो । फेरी भगवानको आराधना र क्षमा मागेपछि विस्तारै सबैलाई ठीक हुँदै गयो सबै खुशी भए महादेवको शक्ति देखेर ।

बास्तवमा टुटेश्वरनाथ महादेव बाबाको शक्ति माथि सबैको विश्वास झन बढ्न थाल्यो । चारैतिर यी हल्ला फैलियो । सबैले विश्वास गर्न थाले र मन्दिरको जग निर्माण गर्ने क्रममा जिल्ला विकासबाट रु. १०,०००/- (दश हजार मात्र) आयो र दौलत सिंह लामाको नेतृत्वमा मन्दिर निर्माण भयो ।

भनि भनिएको छ । यसलाई बोलीचालीको भाषामा टुटेश्वरनाथ महादुव भनेका हुन भनि विश्वास गरेका छन् । यस मन्दिरको सामुन्नेमा देखिने खोलाको नाम माण्डपी नदी थियो । पछि यस नदीलाई सजिलो भाषा र वर्षायाममा बाढी आउने क्रममा मडारीदै आएको कारणले हाल यस नदीको नाम मडाहा नदी भनि चिनिन्छ ।

आज यस श्री टुटेश्वरनाथ महादेव मनिदर नेपालको दोश्रो शक्तिशाली मन्दिरको रुपमा चिनिएको छ । यस मन्दिरमा पूज ागर्न विभिन्न देशहरुबाट धर्मालम्बीहरु धर्म गर्न, इच्छाहरु पुरा गर्न शक्तिशाली सत्यवादी भगवानको मन्दिरमा पूजा गर्न आउँछन् । धर्मावलम्बीहरु भक्तजनहरुको भीडले आज यो विश्वास गर्न सकिन्छ साँच्ची नै श्री टुटेश्वरनाथ महादुव शक्तिशाली भगवान हुनुहुन्छ । लाखौं-लाख मानिसहरु श्रावण महिनामा आफ्नो भाकल पुरा गर्न, जल चढाउंन आउँदछन् । यस मन्दिरमा प्रत्येक महिनाको सोमवार जल चढ्दछ । जसले यस श्री टुटेश्वरनाथ महादेव बाबा धामको निन्दा गर्दछ उसका सामानहरु लाने, हराउने गर्दछ । साथै दिन प्रतिदिन नष्ट हुँदै गएको यथार्थ घटनाहरु बाक्लै भेटिएका छन् । महादेव मन्दिरमा जल चढाउनको निमित्त महिनौं दिन लाग्ने बाटोमा सुतेर, डण्डी तानेर बोलबंम भन्दै एकै स्थानमा धर्मावलम्वीहरु आउँदछन् । अन्धकार रातमा पनि डाँक बम भन्दै उत्रेणी कमला नदीबाट कुदेर जल लिएर महादेव बाबालाई चढचउन आउँदछन् । मानिसका जीवनमा कष्ट, पीडा, दुःखलाई शक्तिशाली सत्यवादी श्री टुटेश्वरनाथ महादेवले बुझि दिनु भएको छ । बाटोमा ती जल लिएर आउने धर्मावलम्बीहरुको सेवामा प्रायः मानिसहरु खटिएका पनि पाइन्छ ।

यस मन्दिरमा श्रावण महिनामा मात्रै होइन । अन्य दिनहरुमा जस्तै हरितालिका तिज मेला, एकादशी मेला, शीवरात्री मेला पनि धुमधामका साथ लाग्ने गर्दछ । मन्दिरको प्राङ्गणमा नेपाल मानव धर्म सेवा समितिको आश्रम २०५२ सालमा निर्माण गरिएको छ । यहाँ विभिन्न ठाउँहरुबाट भक्तजनहरु, जिज्ञासुहरु आउने गर्दछन् ।

यस मन्दिरको दक्षिण भागमा गौतम बुद्धको सुन्दर गुम्बा छ । यस गुम्बामा बौद्ध धर्मावलम्बीहरु पूजा गर्न आउँछन । प्रत्येक वर्षको बैशाखे पूर्णीमामा धुमधाम मेला लाग्ने गर्दछ । यसले अझ रमणीय बनाएको छ ।

यस मन्दिरलाई अझ सजि सजाउ गर्ने काम धनुषा खरबनीका हजारी साहुले गर्नु भयो । उहाँलाई यस ठाउँमा खयर कटान गर्न आउने क्रममा काम गर्दै जाँदा विभिन्न किसीमका समस्याहरु आइपरे । ती सारा समस्या फुकाउने महादेव बाबा हुनु भयो । आफ्ना भाकल, इच्छा, आकांक्षा टुटेश्वरनाथ महादेवले पुरा गरि दिएकोमा मन्दिरलाई सजि सजाउ र निर्माण गर्ने काम भयो ।

उड्ययन तथा पर्यटन मन्त्री श्री सरदसिंह भण्डारीले २०६७ सालमा यस मन्दिरको प्राङ्णलाई फराकिलो बनाउने क्रममा शिव मन्दिरमा ढुङ्गाको मार्वल ओछ्याउने क्रममा ढुङ्गाको पुराना ढोकाको चौकट, भ्यालका चौकट र विभिन्न किसीमका सामाग्रीहरु जस्तै त्रिशुल, संग्राहलयमा सजाएर राख्ने खालका ढुङ्गाका फूलैफूल भएका चित्रहरु फेला पारिएका छन् ।

यस मन्दिरलाई जब मानिसले संरक्षण गर्दै जाने क्रममा मन्दिरलाई २०५३ सालमा जिल्लामा दर्ता गरी मन्दिर समिति बनाई सञ्चालन गरियो । यस मन्दिरको लगभग २२ हेक्टर धार्मीक वन छ भने ७-८ विगहा जमिनमा विभिन्न जातका फलफूल तथा बाली लगाइएको छ ।

वस्तु स्थिति

यस श्री टुटेश्वरनाथ महादेव बाबा मन्दिर चारैतिर नदीले कटान गरी एउटा अग्लो चुचुरो जस्तो रहेको कैलाश पर्वत हेर्दै रमणीय देखिने ठाउँमा महादेव बाबाको वासस्थान यस वासस्थानका वरीपरि रहेको विभिन्न चिजहरु निम्नानुसार छन् ।

क. अग्लो शिखरमा शिव मन्दिर

ख. बरसाहा मन्दिर

ग. लक्ष्मी मन्दिर

घ. पार्वती मन्दिर (शिव मन्दिर भन्दा अझ तल)

ङ. राम मन्दिर

च. हनुमान मन्दिर

छ. राज मन्दिर

ज. विवाह मण्डव

झ. ६ वटा धर्मशालाहरु

ञ. मन्दिर परिषदमा साना पसलहरु

ट. खानेपानी ट्याङ्की

ठ. मन्दिरमा धाराहरु

ड. धार्मिक वन

ढ. आँप फूलबारी

ण. नदीले कटान गरेको मन्दिर वपिरी

त. शिव मन्दिरकै छेउमा आत्मज्ञानको आश्रम रहेको

थ. रत्न छोलिङ्ग गुम्बा शिव मन्दिरको नजिकैमा रहेको

द. पिकनिक स्थल रहने ठाउँ भएको

ध. राजमार्गदेखि ६ कि.मी. मा रहेको

न. बाटो कालोपत्रे नभएको

प. नजिकै गाउँ रहेको

फ. मन्दिर परिसरमा पोखरी रहेको

ब. गाउँमा मा.वि. विद्यालय रहेको

भ. हेर्न, घुम्न लायक ठाउँहरु रहेको

हाल मन्दिरको अवस्था

श्री टुटेश्वनाथ महादेव मन्दिर सुन्दर रमणीय थलोमा भएपनि यस मन्दिरमा राज्यको त्यती ध्यान पुग्न सकेको छैन । यहाँ विभिन्न ठाउँबाट स्वदेशी तथा विदेशीहरु धर्मका आस्थाका कारण महादेव बाबाको दर्शन गर्न आउँछन् । उनीहरुले बेहोरीनु परेको कष्टले गर्दा राज्य हाम्रा पौराणीक धार्मीक सम्पदामा राज्यको आकर्षण नभएको कुरा छर्लङ्ग पार्दछन् । यसलाई संरक्षण र भएका सम्भावनाहरुलाई सम्बर्द्धन गर्न हरेक नागरीकको कर्तव्य अझ राज्यको मुख्य जिम्मेवारी हो । हाल मन्दिरको अवस्था यस प्रकारका छन् ।

१. शिखरमा रहेको मन्दिर (शिव) डेकोरेसन नभएको

२. मन्दिरमा भएका महत्वपूर्ण मन्दिरमा भएका सामाग्रीहरु हराउने गरेको

३. बसाहा मन्दिर व्यवस्थित बनाउन अलि नसकेको

४. लक्ष्मी, पार्वती, राम, हनुमान, राज, विवाह मण्डप, धर्मशालाहरु

५. रङ्गरोगन र व्यवस्थित तथा आकर्षित बनाउनु पर्ने

६. खानेपानीको स्रोत भएको तर व्यवस्थित नभएको

७. भक्तजनहरु तिर्खाले छट्पटीनु परेको

८. बिजुल बत्तीको व्यवस्था अस्थायी रुपमा सञ्चालन रहेको

९. धर्मशालाहरु जिर्ण अवस्थामा रहेको

१०. धार्मीक वन तथा वन्यजन्तुहरु संरक्षीत गर्न नसकिएको अवस्थामा

११. नदीले दिन प्रतिदिन मन्दिर परिसर कटान गरेको अवस्था

१२. पिकनीक् स्थल व्यवस्थित बनाउन नसकिएको अवस्था

१३. मन्दिरमा कम्पाउन्डको व्यवस्था गर्न नसकिएको अवस्था

१४. मन्दिरमा श्रावण मेलामा आउने भक्तजनहरुलाई शौचालयको राम्रो व्यवस्था गर्न नसकीएको अवस्था

मन्दिरको क्षेत्रफल

यस श्री टुटेश्वनाथ महादेव मन्दिर पूर्व-पश्चिम महेन्द्र राजमार्ग देखी ६ कि.मी. उत्तरमा महोत्तरी जिल्लामा रहेको छ । चारैतिर बाट खोलाले काटेको अग्लो ठाउँमा महादेव बाबाको बासस्थान छ । उत्तर ईटा झोरा दक्षिणमा चुरे पर्वत र सामुदायिक बन तथा गाउँ, पूर्वमा महादेव झोरा तथा चुरे पर्वत सामुदायीक वन र पश्चिममा मराहा खोला रहेको छ । यस मन्दिरको क्षेत्रफलले २३ हेक्टर जमिन ओगटेको छ ।

यस मन्दिरको विशेषताहरु

क. चारैतिर खोला वा नदीले कटान गरी बाँकीरहेको एउटा सुन्दर डाँडामा (कैलाश पर्वत) साँढे वा बसाहाको बासस्थान रहनु ।

ख. बयल गाडामा लोड गरी दक्षिण तिर लादा गौशाला भन्ने ठाउँमा धुरा भाँचिनु भोली पल्ट आई हेर्दा त्यस धुरा भाँचिएको ठाउँमा नरहेर पहिले जुन ठाउँमा बस्नु भएको थियो त्यसै ठाउँमा रहनु ।

ग. गाउँमा चर्न जाँदा कृषकले बसाहको कान काट्दा साँढे जङ्गल पस्नु पछि रगत पछ्याउँदै जाँदा कैलाश पर्वतमा तोरीका फूल टासिएको अवस्थामा साँढे बसिरहेको (एउटा कान) ।

घ. विभिन्न किसिमका मन्दिरका सामाग्रीहरु त्रिशुल, ढुङ्गाका फूलहरु, शिवलिङ्ग, भगवानका अन्य सामाग्रीहरु भग्नावशेषका रुपमा फेला पारीएको ।

ङ. आफूले मागेको कुरा पुरा भएको ।

च. विदेशी तथा स्वदेशी धर्मावलम्वीहरु आउने गरेको ।

छ. दैवीशक्ति भएको ।

ज. धार्मी आस्थाको केन्द्रविन्दु बनेको ।

झ. एक महिना सम्म प्रत्येक सोमबारी जल चढाउने धर्मावलम्बीहरुको भिड भएको ।

श्री टुटेश्वरनाथ महादेव मन्दिरको आम्दानीका श्रोतहरु

यस श्री टुटेश्वनाथ महादेव मन्दिर विकसीत हुँदै जाने क्रममा यसवर्ष आम्दानीका श्रोतमा परिणत हुँदै गयो । हाल श्री टुटेश्वरनाथ महादेव मन्दिरको आम्दानीका स्रोतहरु निम्नानुसार छन् ।

क. प्रत्येक साल बगैंचा ठेक्काबाट -	रु. १,९५,०००/-
ख. मेला ठेक्काबाट -	रु. २,००,०००/-
ग. भेटीबाट अनुमानित -	रु. ५०,०००/-

पर्यटन सम्भावनाका पूर्वाधारहरु

यस श्री टुटेश्वनाथ महादेव मन्दिरमा लाखौं-लाख धर्मावलम्वी तथा भक्तजनहरु धर्मका आशा बोकेर पूजाआजा गर्न आउँदछन् । अझ श्रावण महिनामा त एक महिना सम्मको दर्शनार्थीको भिडले रोचक र रमणीय मात्र होइन विश्वमा चर्चित बन्न पुगेको छ । यहाँका प्राकृतिक तथा धार्मिक सम्पदाहरुले मानिसहरुको मन जित्न सफल भएको छ । तर यसको व्यवस्थित र समवृद्ध बनाउन नसक्दा सबै दुःखीत छन् । यस धार्मीक वनमा पाइने वन्यजन्तु तथा पशुपंक्षी विभिन्न प्रजातिका छन् । साच्चै पर्यटन सम्भावनका पूर्वाधारहरु बन्न पुगेको आज टुटेश्वर गाउँ ।

क. २२ हेक्टर जमिनमा मन्दिर तथा धार्मिक वन रहेको ।

ख. चारैतिर नदीले काटिएको रमणीय ठाउँमा मन्दिरहरु : शिव मन्दिर, बसाह मन्दिर, लक्ष्मी मन्दिर, पार्वती मन्दिर, राम मन्दिर, हनुमान मन्दिर, राज मन्दिर, विवाह मण्डप, छेउछाउमा गुम्बा लगायत अन्य प्राकृतिक सम्पदा रहेको । तर यसलाई व्यवस्थित बनाउन नसकिएको ।

ग. मन्दिर परिसरमा खानेपानी ट्याङ्की तथा अस्थायी पानीका धाराहरु भएका तर व्यवस्थित बनाउन नसकिएको ।

घ. ६ वटा धर्मशालाहरु रहेको तर जीर्ण भएको ।

ङ. सञ्चारको सम्भावना ठाउँ बनेको तर राज्यको ध्यान नगएको ।

च. बजार भएको तर व्यवस्थीत गर्न नसकिएको ।

छ. पर्यटकीयहरु घुम्न, बस्न ठाउँहरु भएको तर पिकनीक स्थल बन्न नसकेको ।

ज. मडाहा नदीले मन्दिरको परिसर छोएर बगेको ।

झ. मन्दिरको परिसरमा शौचालय भएको तर व्यवस्थित बनाउन नसकिएको ।

ञ. होटलहरु भएको तर व्यवस्थित नभएको ।

ट. मन्दिर भन्दा अलि माथि ६ कि.मी. बेताल दह रहेको ।

ठ. प्राकृतिक सम्पदा तथा धार्मिक सम्पदाले भरीपूर्ण भएको तर राज्यको ध्यान पुरा नगएकोले दिन प्रतिदिन नदीले मन्दिर परिसर भत्काउँदै लगेको ।

पर्यटन सम्भावनाका पूर्वाधारलाई व्यवस्थित गर्न लाग्ने लागतहरु

यस श्री टुटेश्वनाथ महादेव मन्दिर नेपालको एउटा धार्मिक सम्पदा हो । यसको धार्मिक आस्थाको कारणले देश, विदेशबाट भक्तजनहरुको घुँइचो हुन्छ । पर्यटन पूर्वाधार विकास आयोजना सिंह दरबार काठमाण्डौंद्वारा केही भौतिक निमाृण कार्यक्रम भयो । यसलाई अझ पर्यटकीय हिसाबले विकास गर्नु अहिलेको आवश्यकता हो । पर्यटक भन्नाले गहना तथा सम्पत्ति हुन् । पर्यटकहरुलाई लोभ्याउनु भनेको देशलाई सम्वृद्ध बनाउनु पनि हो । पर्यटकहरु हाम्रो देश नेपालका प्राकृतिक सम्पदा, धार्मिक सम्पदा, तथा सांस्कृतिप्रति घुम्न, हेर्न एकदमै रुचाउँछन् । त्यसैले विदेशीहरु नेपालमा प्रशस्त खर्च गर्छन । तर उनीहरु बस्ने ठाउँ, हेर्ने लायक ठाउँ, यातायात इत्यादि व्यवस्थीत भएको चाहान्छन् । पर्यटकहरुलाई लोभ्याउनै चिज नै यस ठाउँमा भएकोले यहाँको पूर्वाधारहरु व्यवस्थित गर्नुपर्ने हुन्छ ।

क. मन्दिरलाई डेकोरेसन गर्न -	रु. २,००,०००/-
ख. खानेपानी व्यवस्थित गर्न -	रु. १,५०,०००/-
ग. जीर्ण रहेको धर्मशाला मर्मत -	रु. १,००,००,०००/-
घ. पिकनीक स्थल राम्रो पार्न -	रु. १०,००,०००/-
ङ. मन्दिर पोखरी मर्मत तथा निर्माण -	रु. १०,००,०००/-
च. कम्पाउण्ड घेराबेरा गर्न -	रु. १०,००,०००/-
छ. नदी नियन्त्रण गर्न -	रु. १,००,००,०००/-
ज. शौचालय व्यवस्थि तगर्न (मन्दिर) -	रु. १०,००,०००/-
झ. बजार व्यवस्थापन गर्न -	रु. ५०,००,०००/-
ञ. रोड तल राजमार्ग देखि मन्दिर सम्म -	रु. /-

श्री टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति

श्री टुटेश्वनाथ महादेव मन्दिर संरक्षण समितिका अध्यक्ष तथा सदस्यहरुको नामावली तपसिल बमोजिम छन् ।

२०५६ साल

१.	अध्यक्ष	श्री हित बहादुर पौडेल
२.	उपाध्यक्ष	श्री सुरतलाल यादव
३.	कोषाध्यक्ष	श्री मोतीलाल गौतम
४.	सचिव	श्री रामेश्वर यादव
५.	सदस्य	श्री गोपी चन्द्र साह
६.	सदस्य	श्री भोला राय यादव
७.	सदस्य	श्री महेश्वर साह
८.	सदस्य	श्री रामवृक्ष यादव
९.	सदस्य	श्री मिन बहादुर सुस्लीङ
१०.	सदस्य	श्री राम दुलार यादव
११.	सदस्य	श्री विन्देश्वर यादव
१२.	सदस्य	श्री भोगेन्द्रराज पौडेल

२०६० साल

१.	अध्यक्ष	श्री हित बहादुर पौडेल
२.	उपाध्यक्ष	श्री सुरतलाल यादव
३.	कोषाध्यक्ष	श्री भोगेन्द्रराज पौडेल
४.	सचिव	श्री रामेश्वर यादव
५.	सदस्य	श्री रामदुलार यादव
६.	सदस्य	श्री भोला राय यादव
७.	सदस्य	श्री महेश्वर साह
८.	सदस्य	श्री रामवृक्ष यादव
९.	सदस्य	श्री मिन बहादुर सुस्लीङ
१०.	सदस्य	श्री राम दुलार महतो
११.	सदस्य	श्री विन्देश्वर यादव

२०६४ साल

१.	अध्यक्ष	श्री हित बहादुर पौडेल
२.	उपाध्यक्ष	श्री हिरीनन्दन यादव
३.	सचिव	श्री विल्टु यादव
४.	सह-सचिव	श्री दुर्गाहरि गौतम
५.	सदस्य	श्री खड्क बहादुर सुस्लीङ
६.	सदस्य	श्री सूर्य वि.क.
७.	सदस्य	श्री दिलबहादुर
८.	सदस्य	श्री सुकुमाया पुलामी
९.	सदस्य	श्री गन बहादुर महत
१०.	सदस्य	श्री राधा गौतम
११.	सदस्य	श्री देव नारायण यादव
१२.	सदस्य	श्री चनमति श्रेष्ठ

२०६६ साल

१.	अध्यक्ष	श्री हित बहादुर पौडेल
२.	उपाध्यक्ष	श्री हरिनन्दन यादव
३.	कोषाध्यक्ष	श्री देवनारायण यादव
४.	सचिव	श्री विल्टु यादव
५.	सह-सचिव	श्री दुर्गाहरी गौतम
६.	सदस्य	श्री सूर्य वि.क.
७.	सदस्य	श्री खड्क बहादुर सुस्लीङ
८.	सदस्य	श्री गन बहादुर महत
९.	सदस्य	श्री दिल बहादुर श्रेष्ठ
१०.	सदस्य	श्री तारा देवी चौलागाई
११.	सदस्य	श्री रुपा गौतम
१२.	सदस्य	श्री सुकुमाया पुलामी

२०७० साल देखि हालसम्म

१.	अध्यक्ष	श्री गन बहादुर महत
२.	उपाध्यक्ष	श्री विन्देश्वर यादव
३.	कोषाध्यक्ष	श्री हितबहादुर पौडेल
४.	सचिव	श्री विल्टु यादव
५.	सदस्य	श्री घनश्याम गौतम
६.	सदस्य	श्री शारदा तामाङ्ग
७.	सदस्य	श्री भोला राय
८.	सदस्य	श्री बेचन साह
९.	सदस्य	श्री जयनारायण साह
१०.	सदस्य	श्री विपीन साह
११.	सदस्य	श्री केदार घिमीरे

संकलक :- श्री अम्बर बहादुर विश्वकर्मा

टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति

माईस्थान - ८, महोत्तरी

को

आर्थिक वर्ष २०७१/०७२

लेखा परिक्षण प्रतिवेदन

Balampaki & Associates
Reg. Auditor
Janakpur-1, Dhanusha
Pan No - 300853197
Member Ship No. 535. Certificate No. 2031 'B'

Phon No. 041-525065
Mo. No. 9844020699

विषय :- लेखा परीक्षण प्रतिवेदन ।

श्री सदस्य महानुभावहरु
श्री टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति
माईस्थान - ८, टुटेश्वर, महोत्तरी ।

मैले श्री टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति माईस्थान - ८, टुटेश्वर, महोत्तरीको यसै साथ संलग्न २०७१ श्रावण १ गते देखि २०७२ अषाढ मसान्तको आय व्यय विवरणको लेखा परीक्षण सम्पन्न गरेको छु । वित्तिय विवरणहरु प्रतिको उत्तरदायित्व उपभोक्ता समितिमा रहेको छ । समितिले तयार गरेका ती वित्तिय विवरणहरु उपर लेखा परीक्षणको आधारमा आफ्नो राय जारी गर्ने मेरो उत्तर दायित्व हो ।

नेपाल लेखा परीक्षण माप दण्डका (Nepal standards on Auditing) आधारमा लेखा परीक्षण सम्पन्न गरिएको छ । वित्तिय विवरण सारभूत रुपमा गलत आँकडा रहित छ । भन्ने कुरामा विश्वस्त हुनका लागि ती मापदण्ड अनुसार लेखा परीक्षण योजना तयार गरी तदनुसार लेखा परीक्षण सम्मन्न गरिएको छ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखा परीक्षणमा समावेश भएको छ । लेखा परीक्षणले मेरो रायलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा म विश्वस्त छु ।

त्यस समितिको विधान बमोजिम देहाय अनुसार प्रतिवेदन रहेको छ ।

१. मैले जाने बुझे सम्म लेखा परीक्षण सम्पन्न गर्न आवश्यक सूचना एवं स्पष्टीकरण पाएँ ।
२. मैले लेखा परीक्षण गरेको श्रेस्ताहरुको आधारमा मेरो रायमा आ.ब. २०७१/०७२ को हिसाब किताब नियम बमोजिम राखिएको छ ।
३. मेरो रायमा यस प्रतिवेदनस संग सम्बन्ध वासलात तथा नगद प्रवाह विवरण श्री टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति माईस्थान - ८, टुटेश्वरले राखेको लेखा संग दुरुस्त रहेको छ ।
४. मैले लेखा परिक्षण गरेका श्रेस्ताहरुको आधारमा ी टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति माईस्थान - ८ टुटेश्वरको कारोबार सन्तोष जनक रहेका पाईयो ।
५. मलाई प्राप्त जानकारी र मलाई दिईएको स्पष्टीकरण मैले परीक्षण गरेका श्रेस्ताबाट श्री टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति माईस्थान - ८, टुटेश्वर का पदाधिकारी अथवा कुनै कर्मचारी हिसाबले हिसाब किताब सम्बन्धी कानूनी व्यवस्था विरुद्ध काम काज वा हानी नोक्सानी गरेको पाईएन ।

मेरा रायमा आर्थिक विवरणले नेपाल लेखा मान तथा सामान्यतया सर्वमान्य लेखाका सिद्धान्तहरु अनुसार ी टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति माईस्थान - ८, टुटेश्वरको २०७२ साल असार मसान्तको आर्थिक स्थिति सो मितिमा समाप्त भएका वर्षको संचालन र नगद प्रवाहको समग्रमा अर्थात एवं समुचित चित्रण गर्दछ । साथै यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

दर्तावाला लेखापरिक्षक
Hari Narayan Balampaki
Reg. Auditor

टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति

मालस्थान, महोत्तरी

आ.व. २०७१/०७२ को

आय व्यय विवरण

आय			व्याय		
सि.नं	विवरण	आय रकम	सि.नं	विवरण	व्याय रकम
	अल्या बैंक मौज्दात	१८४०१।०१		फर्निचर	५०००।००
	अल्या ठेगदार- रामपुकार यादव	२२२५००।००		सरसामान	७५३५।००
	भेटीबाट प्राप्त	१९४२६०।००		खाजा खाना श्रावणी मेला	५४२८४।००
	मेला ठेक्काबाट	३१३३००।००		चिया, पानी चीसो, श्रावणी	१२११८।००
	मौतकुवाबाट सहयोग	१२०००।००		यातायात इनधन	२०५९७।००
	कमला कुवाबाट सहयोग	१५००।००		साधुसन्त अतिथि सत्कार	१३०८१।००
	दाउरा बिक्रि वितरण	८५००।००		स्टेश्नरी छपाई तथा मसलन्द	२९६४।००
	तिज भेटीबाट	११८०।००		स्वास्थ्य शिविर	१२००।००
	कृष्ण अष्टमी भेटीबाट	८००।००		ढुवानी तथा भाडा	१४१४४।००
	महासीवरात्री मेलाबाट	१५३२८।००		पारिश्रमिक ज्याला	१७४००।००
	साधारण सदस्य नविकरण	९०१५।००		विधुत खर्च	८१४०।००
	जोगीबाट प्राप्त रकम	४००००।००		दाउरा खरिद	२०००।००
	भुसंरक्षण का.प्रा. अनुदान	३५८१६४।००		किर्तन कार्यमा खर्च	१२३५९।००
	आप बगैचा ठेक्काबाट	१९८०००।००		जेनेटर भाडा	३३५००।००
	ब्याजबाट प्राप्त रकम	२७०।३५		खानेपानी	११४५०।००
	सापटी प्राप्त	८८४५।०९		मन्दीर पुजा सामग्री	११५००।००
				मन्दीर निर्माण मर्मत खर्च	४१८२३।००
				पत्रकार र विज्ञापन खर्च	९०००।००
				लेखापरिक्षण शूल्क	५०००।००
				बाटो मर्मत	५५००।००
				आर्थिक सहयोग र औषधि उपचार	१५७००।००
				तटबन्धन तारजाली	५४४१९०।००
				मर्मत सम्भार	३४५०।००
				अफिस कोठा निर्माण मर्मत	९५८६९।००
				पर्यटन विकासमा खर्च	१५०००।००
				साधारण सभा	६००५।००
				पोखरी निर्माण चौर मिलाउन	२०९००।००
				सापटी फिर्ता गत आ.व.को	२२८७३।००
				करकट्टी	४०।६४
				जम्मा खर्च	१०१२६२२।६४
				बैंक मौज्दात	१०५६३०।८०
				ठेकेदार रामपुकार यादव सँग	२८३८१०।००
जम्मा		१४०२०६३।४५		जम्मा	१४०२०६३।४५

कोषाध्यक्ष | सचिव | अध्यक्ष | लेखापरिक्षक

Hari Narayan Balampaki
Reg. Auditor
Member Ship No. 535
Certificate No. 2031 'B'
Pan No. 300853197

टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति

माईस्थान - ८, महोत्तरी

आ.व. २०७१/०७२ को

वासलात विवरण

क्र.सं.	विवरण	अनुसुचि	यस वर्षको रकम	गत वर्षको	कैफियत
१	पुजि तथा दायित्व संकलित रकम		३४७४०७९।८१		
	जम्मा		३४७४०७९।८१		

क्र.सं.	विवरण	अनुसुचि	यस वर्षको रकम	गत वर्षको	कैफियत
	सम्पति तथा जाय जेथा				
१	फर्निचर		१५४४४।००		
२	कार्यालय सामान र अन्य सामान		१४८५०।००		
३	घर जग्गा पोखरी		३०१७५००।००		
४	मन्दीर सामान (सुनचाँदी तामाढलौट		३६८४५।००		
५	बैंक मौज्दात कृषि विकास		१०५६३०।८१		
६	पेश्की रामपुकार यादव सँग		२८३८१०।००		
	जम्मा		३४७४०७९।८१		

अध्यक्ष सचिव कोषाध्यक्ष लेखापरीक्षक

Hari Narayan Balampal
Reg. Auditor
Member Ship No. 535
Certificate No. 2031 'B
Pan No. 300853197

टुटेश्वरनाथ महादेव मन्दिर संरक्षण समिति

माइस्थान ९, ४ महोत्तरी

आ.व. २०७१/०७२ को

सम्पती सामानको विवरण

सि.नं.	सामानको नाम विवरण	परिमाण	मुल्य दर	ह्रास कट्टी		रकम
				प्रतिशत	मूल्य	
१	दराज	१	८०००।००	१०	८००।००	७२००।००
२	ब्रेन्च	४	९६०।००	१०	९६।००	८६४।००
३	टेवल	३	३२००।००	१०	३२०।००	२८८०।००
४	कुर्सी	१०	५०००।००	१०	५००।००	४५००।००
५	खड्कुलो	२	३०००।००	१०	३००।००	२७००।००
६	तसला	२	३००।००	१०	३०।००	२७०।००
७	वाल्टीन	१	२२५।००	१०	२२।५०	२०२।५०
८	आरी बाटा	२	१०५०।००	१०	१०५।००	९४५।००
९	कम्वल	६	११२५।००	१०	११२।५०	१०१२।५०
१०	ड्रम ५०० लि.	१	१८००।००	१०	१८०।००	१६२०।००
११	घण्टी	१०	९०००।००	१०	९००।००	८१००।००
१२	घर-कुटी	५	५७५०००।००	१०	५७५००।००	५१७५००।००
१३	जग्गा	७-६-०	१५००००००।००		०।००	१५००००००।००
१४	पोखरी (०-५-०)	०-५-०	१०००००००।००			१०००००००।००
१५	सुनको त्रिशुल ६ थान		२१०००।००			२१०००।००
१६	सुनको टिका १२ थान		१३००।००			१३००।००
१७	सुनको फाली २ थान		६५००।००			६५००।००
१८	चादिको वसाह १ थन		२५००।००			२५००।००
१९	चादिको त्रिशुल ९ थान		३०००।००			३०००।००
२०	चादिको टिका २ थान		२५०।००			२५०।००
२१	चादिको नाग ४ थान	१ तोला	७००।००			७००।००
२२	चादिको लकेट १ थन	आधि तोला	३५०।००			३५०।००
२३	तामाको त्रिसुल २ थान		५००।००			५००।००
२४	तामाको लोटा १ थान		२५०।००			२५०।००
२५	ढलोटको करुवा १ थान		३५०।००			३५०।००
२६	पुरानो पैसा १४५ रु.		१४५।००			१४५।००
			३१४५५०५।००			३०८४६३९।००

अध्यक्ष | सचिव | कोषाध्यक्ष | लेखापरीक्षक

Hari Narayan Balampaki
Reg. Auditor
Member Ship No. 535
Certificate No. 2031 'B'
Pan No. 300853197